# स्थानीय राजपत्र

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाद्वारा प्रकाशित

**खण्ड २ बुटवल, माघ १० गते, २०७५ साल संख्या १३**


बुटवल नगरकार्यपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ३ को उपदफा (१) बमोजिम बुटवल उपमहानगरपालिकाको नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग ३

## युवा क्लव गठन तथा नमूना युवा संसद सञ्चालन कार्यविधि, २०७५

**प्रस्तावनाः** राष्ट्रिय युवा परिषद् ऐन २०७२, राष्ट्रिय युवा नीति २०७२ तथा युथभिजन २०२५ को मर्म र भावनालाई आत्मसात गर्दै समृद्ध राष्ट्र निर्माणको आधारस्तम्भको रूपमा रहेका नेपाली युवा वर्गको नेतृत्व तथा क्षमता विकास गरी देशको शासन सञ्चालन प्रणाली र सुशासन सम्बन्धमा युवालाई सुसूचित र सशक्तीकरण गर्दै उनीहरूको सर्वाङ्गीण विकासका लागि युवामैत्री नीति, योजना, कार्यक्रम र प्राथमिकता निर्धारण गर्न, युवालक्षीत उद्देश्य प्राप्तिका लागि बुटवल उप महानगरपालिकालाई पृष्ठपोषण दिन तथा सकारात्मक वातावरण निर्माण गर्न, युवाका मुद्धाहरूको वहस पैरवी केन्द्रको रूपमा विकास गर्न, युवालाई सामाजिक दायित्व र कर्तव्य प्रति जिम्मेवार बनाउनका लागि नगरपालिकाका हरेक वडामा स्वयंसेवकीय सञ्जालको रूपमा युवाक्लव गठन तथा युवा संसदको नमूना अभ्यासका माध्यमबाट युवा परिचालन गर्ने उद्देश्यले बुटवल उप-महानगरपालिकाले यो कार्यविधि जारी गरेको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम **"युवा क्लव गठन तथा नमूना युवा संसद सञ्चालन कार्यविधि-२०७५ बुटवल"** रहेको छ ।

(ख) यो कार्यविधि बुटवल उप-महानगरकार्यपालिकाले स्वीकृत गरेको मितिबाट लागू हुनेछ ।

२. **परिभाषाः** विषय व प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"युवा क्लव"** भन्नाले बुटवल उपमहानगरपाकिाको प्रत्येक वडामा गठन भएको १६-२४ वर्ष उमेर समूहका युवा सदस्यहरू रहेका यसै कार्यविधि बमोजिम गठित युवा क्लवलाई सम्भनुपर्छ ।

(ख) **"युवा संसद"** भन्नाले १६देखि २४ वर्षसम्मका वडास्तरीय युवाक्लवका सदस्यहरू तथा तोकिएको निकायबाट छनौट भई आएका युवा प्रतिनिधिहरूबाट सञ्चालन हुने नमूना संसदीय अभ्यासका लागि गठन गरिने संसदलाई सम्झनुपर्छ ।

(ग) **"मन्त्रालय"** भन्नाले युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ ।

(घ) **"परिषद्"** भन्नाले राष्ट्रिय युवा परिषद् सम्झनु पर्छ ।

(ङ) **"युवा"** भन्नाले राष्ट्रिय युवा परिषद् ऐनले परिभाषित गरेको उमेर समूहको युवा सम्झनुपर्छ ।

(च) **"प्राथमिकताको समूहका युवा"** भन्नाले राष्ट्रिय युवा नीति २०७२ बमोजिम महिला, आदिवासी जनजाति, मधेशी, दलित,र मुस्लिम युवालाई सम्झनुपर्छ ।

(छ) **"विशेष प्राथमिकताको समूहका युवा"** भन्नाले द्वन्द्वपीडित, जोखिममा परेका अपाङ्गता भएका, सीमान्तकृत, लोपोन्मुख र अल्पसंख्यक युवालाई सम्झनुपर्छ ।

(ज) **"द्वन्द्वपीडित युवा"** भन्नाले राष्ट्रिय युवा नीति २०७२ बमोजिम २०५२ सालदेखि २०६३ मंसिर ५ गतेसम्म नेपालमा भएको सशस्त्र द्वन्द्व र पछिल्ला समयका द्वन्द्वपीडित परिवारका युवालाई जनाउनेछ ।

(झ) **"जोखिममा रहेका युवा"** भन्नाले राष्ट्रिय युवा नीति २०७२ बमोजिम एच.आई.भी./एड्स संक्रभित, बेचबिखनमा परेका, प्राकृतिक विपदमा परेका, लागू औषधी प्रयोगकर्ता, यौन व्यवसायमा संलग्न, सडकमा रहेका, मुक्त कमैया परिवारका तथा असुरक्षित गन्तव्यका मुलुकमा वैदेशिक रोजगारीमा संलग्न युवालाई सम्झनुपर्छ ।

(ञ) **"अपाङ्गता"** भएका युवा भन्नाले सबै प्रकारका शारीरिक, मानसिक अपाङ्गता, दृष्टि विहिन,वहिरा तथा फरक क्षमता राख्ने युवालाई सम्झनुपर्छ ।

(ट) **"सीमान्तकृत"** भन्नाले राजनैतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट बञ्चित रहेका संघीय कानुन बमोजिमको मानव विकासको स्तरभन्दा न्यून स्थितिमा रहेका अति सिमान्तीकृत र लोपोन्मुख समुदाय समेतका युवालाई सम्झनु पर्छ ।

(ठ) **"अल्पसंख्यक समुदायका युवा"** भन्नाले भौगोलिक विकटता, जातीय, भाषिक, सांस्कृतिक क्षेत्रीय, वर्गीय तथा लैङ्गिक आधारमा राज्य तथा गैरराज्यका सेवा सुविधाबाट बञ्चित, सीमान्तकृत तथा राष्ट्रिय विकासको मूल प्रवाहमा आउन नसकेका अन्य युवालाई सम्झनु पर्छ ।

(ड) **"राष्ट्रपति"** भन्नाले युवा संसदले निर्वाचित गरेको राष्ट्रपतिलाई सम्झनुपर्छ ।

(ढ) **"संसदीय दलको नेता"** भन्नाले युवा संसदमा हुने सत्तापक्षीय संसदीय दलको नेतालाई सम्झनु पर्छ ।

(ण) **"सभापति"** भन्नाले युवा संसदमा अध्यक्षता गर्ने व्यक्तिलाई सम्झनु पर्छ ।

(त) **"प्रधानमन्त्री"** भन्नाले युवा संसदबाट निर्वाचित प्रधानमन्त्रीलाई सम्झनु पर्छ ।

(थ) **"प्रमुख प्रतिपक्षी दलका नेता"** भन्नाले युवा संसदमा रहेको प्रमुख प्रतिपक्षी दलको नेतालाई सम्झनु पर्छ ।

(द) **“संसदीय समिति”** भन्नाले युवा संसद अन्तर्गत सरकार तथा सांसदले संसदमा पेश गरेका विभिन्न विधेयक तथा प्रस्तावहरू माथि छलफल तथा सुझाव दिन गठित संसदको विषयगत समितिहरूलाई सम्झनुपर्छ ।

(ध) **“महासचिव”** भन्नाले युवा संसदको सभामुखको सिफारिसमा राष्ट्रपतिबाट नियुक्त व्यक्तिलाई सम्झनु पर्छ ।

(न) **“सचिव”** भन्नाले युवा संसदमा महासचिवको सिफारिसमा सभामुखबाट नियुक्त हुने व्यक्तिलाई सम्झनु पर्छ ।

(प) **“मन्त्री”** भन्नाले युवा संसदले बनाएको युथभिजन २०२५ मा उल्लेखित युवा विकासका पाँच आधारस्तम्भहरूसँग सम्बन्धित विभागीय मन्त्री लगायत अन्य मन्त्रीहरूलाई सम्झनु पर्छ ।

(फ) **“रूलिङ”** भन्नाले युवा संसदका सभामुखले दिएको निर्देशनलाई सम्झनु पर्दछ ।

(ब) **“नीति तथा कार्यक्रम”** भन्नाले युवा संसदमा राष्ट्रपतिबाट युवा विकासका लागि प्रस्तुत वार्षिक नीति तथा कार्यक्रमलाई सम्झनु पर्छ ।

(भ) **“युथभिजन”** भन्नाले नेपाल सरकारले जारी गरेको युथभिजन २०२५ तथा दशवर्षे रणनीतिक योजना सम्झनु पर्छ ।

(म) **“राष्ट्रिय युवा नीति”** भन्नाले नेपाल सरकारबाट जारी राष्ट्रिय युवा नीति २०७२ सम्झनुपर्छ ।

(य) **“मर्यादा पालक”** भन्नाले युवा संसदमा सुरक्षा व्यवस्थापनमा खटिएका कर्मचारीलाई सम्झनु पर्दछ ।

(र) **“रोस्टम”** भन्नाले युवा संसदका सदस्य तथा अन्य पदाधिकारीहरुले उभिएर बोल्ने वा संवोधन गर्ने स्थानलाई सम्झनु पर्दछ ।

(ल) **“सदन”** भन्नाले युवा संसद चलेको वैठकलाई सम्झनु पर्छ ।

(व) **“संविधान”** भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

(स) **“प्रमुख”** प्रमुख भन्नाले बुटवल उप-महानगरपालिकाको प्रमुखलाई जनाउने छ ।

(ष) **“वडा अध्यक्ष”** वडा अध्यक्ष भन्नाले बुटवल उप-महानगरपालिका १-१९ का वडा समिति अध्यक्षलाई जनाउँछ ।

(श) **“वडा समिति”** वडा समिति भन्नाले बुटवल उप-महानगरपालिका १-१९ वडा समितिलाई जनाउनेछ ।

## परिच्छेद–२
## युवा क्लवको गठन प्रकिया, काम कर्तव्य र अधिकार

### ३. युवाक्लवको गठन

(१) बुटवल उप महानगरपालिकाको प्रत्येक वडामा सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको वडासदस्यको संरक्षकत्वमा युवाक्लव गठन हुनेछ ।

(२) उपदफा (१) बमाजिम गठन हुने युवाक्लवमा सम्बन्धित वडा भित्रका १६ देखि २४ वर्ष उमेर समूहका सम्पूर्ण युवाहरू युवाक्लवका साधारण सदस्य हुन सक्नेछन् । यसका लागि सम्बन्धित वडा समितिले तोकेको समयभित्र उक्त उमेर समूहका युवाले सदस्यताका लागि सम्बन्धित वडा समितिको सचिवालयमा उमेर र ठेगाना खुलेको प्रमाण सहित दर्ता गर्नु पर्नेछ । युवाक्लवका साधारण सदस्य चौविस वर्ष उमेर पूरा भएपछि उक्त युवाक्लवको सदस्य रहने छैनन् ।

(३) हरेक वडामा गठन हुने वडास्तरीय युवाक्लव कार्यसमितिमा देहायका युवालाई सदस्यको रूपमा सम्बन्धित वडा समितिले मनोनित गर्नेछ ।

| | |
|---|---|
| (क) प्राथमिकताको समूहका युवाहरू मध्येबाट | -एक जना |
| (ख) विशेष प्राथमिकताको समूहका युवाहरू मध्येबाट | -एक जना |
| (ग) स्थानीय उद्यमी यावहरू मध्येबाट | -एक जना |
| (घ) युवा पत्रकारहरू मध्येबाट | -एक जना |
| (ङ) स्थानीय खेलाडीहरू मध्येबाट | -एक जना |
| (च) स्थानीय कलाकारहरू मध्येबाट | -एक जना |
| (छ) स्थानीय सहकारीमा आवद्ध युवाहरू मध्येबाट | -एक जना |
| (ज) स्थानीय समुदायमा आधारित संस्थाहरूको प्रतिनिधि युवा | -एक जना |
| (झ) वडा भित्रका मेधावी विद्यार्थीहरू मध्येबाट एकजना महिला सहित | -दुई जना |
| (ञ) वडा समितिले खुला समूहबाट मनोनित गरेका युवा | -पाँच जना |

(४) युवाक्लवका सदस्यहरूले अध्यक्ष, उपाध्यक्ष, सचिव तथा कोषाध्यक्ष आफूहरु मध्येबाट छनौट गर्नेछन् । उपयुक्तानुसारको वडाक्लवको कूल सदस्य संख्यामा कम्तिमा पचास प्रतिशत महिलाको प्रतिनिधित्व हुनुपर्नेछ ।

(५) युवाक्लवका सदस्य चयन गर्नका लागि वडासमितिले यस सम्बन्धी थप कार्यविधि निर्माण गरी लागू गर्न सक्नेछ ।

(६) युवाक्लवका पदाधिकारीहरूको पदावधि गठन भएको मितिले २ वर्षको हुनेछ । युवाक्लवका पदाधिकारिको उमेरको कारण पद रिक्त भएमा व्यक्ति जुन क्षेत्रबाट प्रतिनिधित्व गरेको हो सोही क्षेत्रबाट मनोनित गर्ने निकायले बाँकी अवधिका लागि मनोनित गरी पदपूर्ति गर्नेछ ।

(७) युवाक्लवको सचिवालय सम्बन्धित वडा समितिको कार्यालयमा रहनेछ ।

**४. युवाक्लवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) युवाको नेतृत्व तथा क्षमता विकास र परिचालनमा सहजीकरण गर्ने ।

(ख) उप-महानगरपालिकासँग समन्वय र सहकार्य गरी युवा विकासका योजना र कार्यक्रम निर्माणमा सहभागी भई युवामैत्री कार्यक्रम निर्माण र कार्यान्वयनमा पैरवी र सहयोग गर्ने ।

(ग) बुटवल उप-महानगरपालिका तथा सम्बन्धित वडा स्तरमा हुने सरसफाई, वातावरण संरक्षण, बालअधिकार, मानव अधिकार, महिला अधिकार, शैक्षिक कार्यक्रम, सामाजिक अन्धविश्वास र कुरीति विरूद्धका सचेतन अभियानहरूमा सक्रियतापूर्वक सहभागी भई कार्यक्रम सफल बनाउन सहयोग गर्ने ।

(घ) प्राकृतिक तथा अन्य प्रकोप व्यवस्थापन तथा विपदका बेला विपद् पूर्व तयारी तथा राहत र उद्धार कार्यमा वडासमिति तथा नगरपालिकासँगको समन्वय र सहकार्यमा स्थानीय युवा परिचालन गरी स्वयंसेवकीय भूमिका निर्वाह गर्ने ।

(ङ) राष्ट्रिय युवा परिषद् र मातहतका निकायहरू मार्फत् स्थानीय स्तरमा सञ्चालन हुने युवालक्षीत कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने ।

(च) दिगो विकासका लक्ष्यहरूलाई आ-आफ्नो क्षेत्रमा स्थानीयकरण गरी कार्यान्वयन गर्न युवाको सार्थक सहभागिताका साथ नेतृत्वदायी भूमिका खेल्ने ।

(छ) प्रत्येक युवाक्लवले युवाको सहभागितामा वडा समितिको समन्वय र सहकार्यमा कम्तिमा एकउद्यम तथा एक अतिरिक्त क्रियाकलापको नेतृत्व र व्यवस्थापन गर्ने ।

(ज) राष्ट्रिय युवा परिषद् वा प्रदेश युवा परिषद् र स्थानीय तहबीच समन्वय र सहकार्य गरी युवालक्षीत कार्यक्रमहरू सञ्चालन गर्ने ।

(झ) सार्वजनिक निकायमा सूचनाको हकको कार्यान्वयन तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउने ।

(ञ) दिगो विकासको लक्ष्यलाई स्थानीयकरण गरी यसको कार्यान्वयनमा युवा परिचालन गर्ने ।

## परिच्छेद–३
## युवा संसद गठनको उद्देश्य र निर्माण प्रक्रिया

**(५) युवा संसदको गठनको उद्देश्यः**

(क) युवाको नेतृत्व तथा क्षमता विकासमा सहयोग गर्ने

(ख) युवाको सीपविकास तथा व्यक्तित्व विकासमा सहयोग पुऱ्याउने

(ग) नेपालको शासन प्रणाली र यसको विकास प्रक्रियाका बारेमा युवालाई सुसूचित गर्ने ।

(घ) युवामैत्री नगर नीति, योजना र कार्यक्रम निर्माणका लागि नगरकार्यपालिकालाई सुझाव दिई सकारात्मक वातावरण निर्माण गर्ने ।

(ङ) युवालाई विषयगत दक्षता हासिल गरी सो क्षेत्रको नेतृत्व र पैरवी गर्न सक्षम बनाउने ।

(च) प्राथमिकता प्राप्त युवालाई राज्यको मूल प्रवाहमा ल्याउने ।

(छ) नगरको तल्लो तह वडा युवा मैत्री बनाउने तथा दिगो विकासका लक्ष्यहरूलाई आ-आफ्नो परिवेशमा स्थानीयकरण र कार्यान्वयनमा नेतृत्वदायी भूमिका खेल्ने ।

(ज) युवालाई अधिकार र कर्तव्य प्रति सजग गराउँदै राष्ट्र निर्माणमा उत्प्रेरित गर्ने ।

(झ) राष्ट्रिय युवा नीति तथा युथभिजन परीलक्षित योजना र कार्यक्रमलाई साकार बनाई नगरपालिका भित्रका युवाको सर्वतोमुखी विकासमा सहयोग पुऱ्याउने ।

**(६) नमूना युवा संसद निर्माण प्रक्रियाः**

(क) नमूना युवा संसदको अभ्यास नगरपालिका तहमा गर्न सकिनेछ ।

(ख) युवा संसदको आकार र प्रतिनिधित्व देहाय बमोजिम हुनेछ ।

(१) स्थानीय तहको युवा संसदः

(क) उप-महानगरपालिकाका प्रत्येक वडामा गठन भएको युवा क्लवहरूवाट न्यूनतम एकजना महिला सहित दुई-दुई जनाका दरले पर्ने गरी सम्बन्धित वडाक्लव कार्यसमितिले छानी पठाएका वडाक्लवका सदस्यहरू साधारण सदस्य रहेको एक नगर युवाक्लव सञ्जाल रहने छ । नगर युवाक्लव सञ्जालका सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

(ख) खण्ड (क) बमोजिमको युवाक्लव सञ्जालका साधारण सदस्यहरूले आफूहरू मध्येबाट एघार सदस्यीय नगरस्तरीय युवाक्लव सञ्जाल कार्यसमिति गठन गर्नेछन् ।

(ग) खण्ड (ख) बमोजिम गठित नगर युवाक्लव सञ्जाल कार्यसमितिमा न्यूनतम पचास प्रतिशत महिला सहित वजार क्षेत्र र वजार उन्मुख क्षेत्रको समेत प्रतिनिधित्व हुने गरी युवा प्रतिनिधिहरू रहनेछन् ।

(घ) खण्ड (क) बमोजिमका नगर युवाक्लव सञ्जालका साधारण सदस्यहरू सबै नगर युवा संसदका प्रतिनिधि हुनेछन् ।

(ङ) खण्ड (घ) बमोजिमका प्रतिनिधिहरूका अतिरिक्त नगर युवा संसदमा बढीमा सात जनासम्म नगर युवा परिषदको सिफारिसमा प्रमुखवाट थप युवा प्रतिनिधि मनोनित हुन सक्नेछ ।

(च) स्थानीय युवा संसदको वैठक सञ्चालनको समयमा पर्यवेक्षकका रूपमा स्थानीय तहका सबै जनप्रतिनिधिहरू, सम्बन्धित वडाका संघीय संसद सदस्य, प्रदेशसभा सदस्य, नगर युवा परिषद्का पदाधिकारीहरू, कार्यालय प्रमुखहरू, विद्यालयका प्रधानाध्यापकहरू, स्थानीय संघसंस्थाका प्रमुखहरू तथा युवा संसदमा प्रतिनिधि हुने युवाका अभिभावकहरू रहनेछन् ।

(७) **युवाक्लवको सञ्जालको काम, कर्तव्य र अधिकारः** नगरस्तरमा गठन हुने युवाक्लव सञ्जालको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) स्थानीय युवाक्लवको नेतृत्व क्षमता विकासमा सहयोग गर्ने ।

(ख) युवालाई स्वयंसेवकीय कार्यमा लाग्न उत्प्रेरित गर्ने ।

(ग) विपद व्यवस्थापन तथा सामाजिक अन्धविश्वास र कुरीतिका विरूद्ध युवा परिचालनका लागि सहजीकरण गर्ने ।

(घ) बुटवल उप-महानगरपालिकाबाट सञ्चालन हुने युवालक्षित कार्यक्रम कार्यान्वयनका लागि सहयोग गर्ने ।

(ङ) युवामा सकारात्मक सोचको विकास, उद्यमशिलता र स्वरोजगारको भावना विकास गर्न सहयोग गर्ने ।

(च) विभिन्न तह र क्षेत्र भित्रका युवाक्लव, सञ्जाल र सरकारहरूबीच समन्वय र सहकार्यको वातावरण तयार गर्ने ।

(छ) सम्बन्धित तहका युवा संसदको नमूना अभ्यासका लागि प्रतिनिधि छनौट तथा व्यवस्थापन गर्ने ।

(ज) दिगो विकासका लक्ष्यको स्थानीयकरण गरी सम्बन्धित क्षेत्रमा कार्यान्वयनका लागि सहजीकरण गर्ने ।

(झ) राष्ट्रिय युवा परिषद्ले तोकेका अन्य काम गर्ने ।

## परिच्छेद-४
## नमूना युवा संसदको अभ्यास

(८) **नमूना युवा संसदको अभ्यास गरिनेः**

यस कार्यविधि बमोजिम गठित युवा संसदका प्रतिनिधिहरूका बीचमा संसदीय अभ्यास गर्न प्रत्येक वर्ष चार दिवसीय देहाय बमोजिमको कार्यक्रम सञ्चालन गरिनेछ । उक्त चार दिन मध्ये शुरूका तीन दिन युवा प्रतिनिधिहरूलाई प्रशिक्षण र अभ्यास गराइनेछ भने अन्तिम दिन नमूना युवा संसदको औपचारिक प्रस्तुति हुनेछ ।

(क) युवा संसदमा सदनको औपचारिक कारवाही शुरू हुनुपूर्व उमेरको हिसावले जेष्ठ युवा सांसद सदस्यले राष्ट्रपति चयन नभएको अवस्थामा नगर प्रमुख समक्ष पद तथा गोपनीयताको सपथ लिनेछन् तर राष्टपति निर्वाचित भएको अवस्थामा राष्ट्रपति समक्ष पद तथा गोपनीयताको सपथ लिनेछन्, र उनको अध्यक्षतामा सदनको वैठक बस्नेछ र उनले अन्य सबै संसद सदस्यलाई पद तथा गोपनीयताको सपथ गराउने छन् । कुल संसद सदस्यहरू मध्येबाट एकजना राष्ट्रपति, एकजना उपराष्ट्रपति, एकजना सभामुख, एकजना उपसभामुख निर्वाचित हुनेछन् र यसको छनौट उपस्थित सदस्य संख्याको बहुमतबाट हुनेछ । सभामुख र उपसभामुख मध्ये न्यूनतम एकजना महिला युवा हुनु पर्नेछ । निर्वाचित सभामुखले राष्ट्रपति समक्ष र उपसभामुखले राष्ट्रपतिको समुपस्थितिमा सभामुख समक्ष पद तथा गोपनीयताको सपथ लिनु पर्नेछ । सपथ ग्रहणको ढाँचा अनुसूची १ बमोजिम हुनेछ ।

(ख) कूल सदस्य संख्याको ६० प्रतिशत सदस्य सत्तापक्षको रूपमा र बाँकी सदस्यहरू प्रतिपक्षी सांसदको रूपमा रहने छन् । यसको विभाजन संसदको सभामुखबाट वडा, क्षेत्र, लैङ्गिक र समावेशी आधारमा गर्नेछन् । यसको आधारमा उनीहरूले सोही बमोजिमको भूमिका निभाउनु पर्नेछ ।

(ग) सत्तापक्षबाट नमूना मन्त्रीपरिषद् गठन हुनेछ । यसमा प्रधानमन्त्री लगायत अर्थ तथा योजना मन्त्री, शिक्षा तथा प्रविधि मन्त्री, उद्योग तथा रोजगार मन्त्री, स्वास्थ्य तथा सामाजिक सुरक्षा मन्त्री, युवा तथा खेलकुद मन्त्री समेत युथभिजन २०२५ मा उल्लेखित युवा विकासका लागि पाँच आधारस्तम्भलाई समेटिएको मन्त्रिपरिषद् रहनेछ । युवा प्रधानमन्त्रीले राष्ट्रपति समक्ष र अन्य मन्त्रीले राष्ट्रपतिको समुपस्थितिमा प्रधानमन्त्री समक्ष पद तथा गोपनीयताको सपथ लिनेछन् ।

(घ) युवा सांसदमा नियुक्त वा मनोनित भई विभिन्न भूमिका निर्वाह गर्ने युवा सांसदहरूले नमूना युवा संसदीय अभ्यासको क्रममा पालना गर्नुपर्ने आचारसंहिता जस्तै सदनमा बोलिने भाषा, लगाउने पोशाक, प्रस्तुतीकरण शैली, समय, स्थान, सञ्चारका साधनहरू, संबोधनका प्रकृति, जिम्मेवारी बाँडफाँड लगायतका विषयमा संसद आफैले निर्धारण गर्न सक्नेछ ।

(ङ) सांसदहरूबाट छलफलको क्रममा उठेका प्रश्नका जवाफ दिन सभामुखले प्रधानमन्त्री वा सम्बन्धित मन्त्रीलाई बोलाउने छन्।

(च) नमूना युवा संसदको अभ्यास गर्नुपूर्व संसदका सदस्यहरूलाई संसदीय मामिलाका विज्ञहरूबाट आवश्यक अभिमुखीकरण तथा प्रशिक्षण सञ्चालन गर्न सकिनेछ । यस कार्यक्रमको संयोजन तथा व्यवस्थापन बुटवल उप-महानगरपालिकाले गर्नेछ ।

(छ) नगर युवा क्लव सञ्जाल कार्य समितिका सदस्यहरुले आफू मध्येवाट छानी पठाएका एक जना युवा प्रतिनिधी प्रदेश युवा क्लव सञ्जालको साधारण सदस्य हुनेछन् ।

(९) **युवा संसदमा छलफलको आधार** : नेपाल सरकारबाट जारी राष्ट्रिय युवा नीति २०७२, युथभिजन २०२५ तथा दशवर्षे रणनीतिक योजना, नेपाल सरकारको युवा सम्बन्धित वार्षिक नीति तथा कार्यक्रम र बजेट र वुटवल उपमहानगरपालिकाको युवा सम्बन्धित वार्षिक नीति तथा कार्यक्रम र बजेट एवं सोको कार्यान्वयनका लागि चालिएका

प्रयत्नहरू तथा अन्य समसामयिक विकास सम्बन्धी विषयहरू माथि केन्द्रित रहेर सञ्चलन हुनेछन् ।

(१०) **प्रतिवेदन तयार गरिने** : युवा संसदको नमूना अभ्यास सम्पन्न भइसकेपछि युवा प्रतिनिधिहरूबाट प्राप्त नीतिगत र कार्यक्रमगत सुझावहरूलाई समेटेर युवा संसद निर्माण प्रक्रियादेखि संसदीय अभ्यास सम्पन्न हुँदासम्मका सम्पूर्ण क्रियाकलापहरू समावेश गरी विस्तृत प्रतिवेदन तयार गरिनेछ । बुटवल उप-महानगरपालिकाका युवा सम्बद्ध निकाय तथा पदाधिकारीहरूलाई यो प्रतिवेदन उपलब्ध गराइनेछ । प्रतिवेदन पेश भइसकेपछि यसको विस्तृत अध्ययन गरी यसमा उल्लेखित रचनात्मक सुझावहरूलाई आत्मसात गरी नगरस्तीरीय प्राथमिकताका साथ कार्यान्वयनमा ल्याउने दायित्व नगरपालिकाको हुनेछ ।

## परिच्छेद-५
## विविध

(११) **सहकार्य गर्न सक्ने**: युवा संसदको निर्माणका लागि वडास्तरीय क्लवहरूको निर्माण, त्यसको क्षमता अभिवृद्धि, युवाक्लवको स्रोत व्यवस्थापन तथा नमूना युवा संसदको अभ्यास गरी युवाको नेतृत्व विकास तथा परिचालन गर्नका लागि नगरपालिकाले सम्बद्ध सरकारी तथा युवा सम्बद्ध गैरसरकारी निकाय तथा संघसंस्थाहरूसँग समन्वय तथा सहकार्य गर्न सक्नेछ ।

(१२) **स्रोत व्यवस्थापन गर्न सक्ने**: युवाक्लव गठन परिचालन तथा नमूना युवा संसदको अभ्यासका लागि नगरपालिकाले आफ्नो निकायमा रहेको मानवीय, भौतिक तथा आर्थिक स्रोत व्यवस्थापन गर्न सक्नेछ ।

(१३) **सबैले सहयोग गर्नुपर्ने**: यस कार्यविधिमा उल्लेख भएका काम, कर्तव्य र अधिकारका साथै वडास्तरीय युवाक्लव गठन तथा परिचालन, र नगर युवा संसदको नमूना अभ्यासका लागि सहयोग गर्नु सबैको कर्तव्य हुनेछ ।

(१४) **कार्यविधिको संशोधन**: यस कार्यविधिको परिमार्जन तथा संशोधन नगरकार्यपालिकाले गर्न सक्नेछ ।

(१५) **बाधा अडकाउ फुकाउने**: यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा व्यवधान आइपरेमा नगरपालिकाले कुनै निर्देशन तथा आदेश जारी गरी आवश्यक बाधा अडकाउ फुकाउन सक्नेछ ।

**अनुसूची १**

**पद तथा गोपनीयताको सपथको ढाँचा**

म................................ मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु । ईश्वरको, देश र जनताको नाममा सपथ लिन्छु की, नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामानिहित रहेको नेपालको संविधान प्रति पूर्ण वफादार रहँदै नेपालको राष्ट्रपति/प्रधानमन्त्री/मन्त्री/युवा संसदको, सभामुख/उपसभामुख/सदस्य पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताई, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह र खराव भावना नलिई, पदीय गोपनियता कायम राखी इमान्दारिताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरू अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन ।

दस्तखतः ....................................

नाम थरः ....................................

मितिः ........................................

प्रमाणीकरण मितिः २०७५/१०/०८

आज्ञाले
राजेन्द्र सिग्देल
नि. प्रमुख प्रशासकीय अधिकृत